# युवा तथा साना व्यवसायीको स्वरोजगारको लागि अभिमुखीकरण तालीम कार्यक्रम एवं संचालन विधि

[ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुको प्रयोजनको लागि ]

## क. तालीम कार्यक्रम

क(१) व्यवसायिक एवं परम्परागत शीप भएका युवा तथा साना व्यवसायीको स्वरोजगारको लागि दिइने कार्यक्रम हो ।

क(२) नेपालका पचहत्तर वटै जिल्लाहरु स्थित नेपाल उद्योग वाणिज्य महासंघका सदस्य–जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ ।

क(३) अभिमुखीकरण तालीममा भाग लिन चाहने युवा तथा साना व्यवसायीले www.mof.gov.np/swarojgar/index.php मा गएर निवेदन Download गरी सो निवेदन सम्बन्धित जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघमा बुझाउनु पर्नेछ ।

## ख. तालीम संचालन विधि : (जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघले अपनाउनु पर्ने)

ख(१) तालीममा सहभागि हुन चाहनेले निवेदन भरि ल्याएपछि निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी उक्त निवेदन रुजु (Verification) गरी दर्ता गर्ने ।

ख(२) निवेदन दर्ता  र रुजु गरे वापत प्रति व्यक्ति रु. १००। का दरले शुल्क लिने ।

ख(३) निवेदक (अर्थात प्रशिक्षार्थि) को लागि फर्म भर्न परेको खण्डमा रु. १००। मा नबढाई थप शुल्क लिने ।

ख(४) फर्म रुजु (Verification) गरेपछि पहिलो निवेदन दिनेलाई पहिलो प्राथमिकता (First come first serve) को आधारमा व्यवसायिक एवं परम्परागत शीप भएकालाई २०६५ साल चैत्र १ गतेदेखि तालीम संचालन एवं सोको कार्यक्रम प्रकाशित गर्ने ।

ख(५) तालीम कार्यक्रम ४०/४० जनाका दरले ३/३ दिनको संचालन गर्ने ।

ख(६) तालीममा भाग  लिनेहरुको हाजिर रेकर्ड राख्ने ।

ख(७) तालीम पूरा गरेपछि प्रशिक्षार्थीलाई तोकिएको ढांचामा प्रमाणपत्र दिने ।

ख(८) प्रमाणपत्रमा तालीम प्राप्त व्यक्तिको फोटो टांसेर फोटो समेतमा पर्ने गरि संघले तोकेको व्यक्तिले हस्ताक्षर गरि प्रमाणपत्र दिने र एक प्रति कार्यालयमा राख्ने ।

ख(९) प्रमाणपत्र पाउनेहरुको विवरण (List) अर्थ मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष र नेउवामहासंघमा पठाउने ।

ख(१०) शीप नभएका व्यक्तिहरुबाट प्राप्त निवेदन प्रत्येक १५/१५ दिनमा घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग कार्यालयमा पठाउने ।

ख(११) एक भन्दा बढी उद्योग वाणिज्य संघ भएका जिल्लाहरुको हकमा सम्बन्धित संघहरुले छुट्टा छुट्टै किसिमले कार्यक्रम संचालन गर्न सक्ने

ख(१२) अर्थ मन्त्रालयबाट प्राप्त हुने निम्न अनुसारको खर्च महासंघ मार्फत सम्बन्धित उवासंघहरुलाई अर्थ मन्त्रालयबाट प्राप्त भएपछि र कार्यक्रमको विवरण प्राप्त भएपछि उपलब्ध गराईने छ :

ख(१२)१ श्रोत व्यक्ति ३ जनाको प्रति व्यक्ति प्रति दिन रु.१२००। ले १०८००। (१२००X३ X३) (तर यसमा TDS कटाउनु पर्नेछ ।)

ख(१२)२ ४० जनासम्मको ३ दिनको तालिम व्यवस्थापन खर्च (उवासंघले पाउने) जम्मा रु. १०००।

ख(१२)३ ४० जना प्रशिक्षार्थिहरुको खाजा र स्टेशनरीको लागि प्रति व्यक्ति जम्मा रु. ५००। ले रु. २०,०००।

ख(१२)४ प्रमाणपत्र बनाउंदा लाग्ने खर्च प्रति थान रु. ५०।

ख(१३) दिनको ४ घण्टाको हिसावले तीन दिनको कार्यक्रममा निम्न बिषयहरुमा तालीम दिने :

(१) उद्यमशीलता विकास सम्बन्धी

(२) ऋण लिने प्रकृया वारेको जानकारी

(३) फर्म दर्ता र कर सम्बन्धी जानकारी र

(४) व्यवसाय सञ्चालन सम्बन्धी अनुभव आदान प्रदान ।

ख(१४) उद्यमशीलता विकास सम्बन्धी श्रोत व्यक्तिको हकमा सकेसम्म स्थानीय घरेलु कार्यालय वा घरेलु समितिले व्यवस्था गर्ने । नसकेमा उद्योग वाणिज्य संघ आफैलेनै व्यवस्था गर्ने । बांकी विषयको श्रोत व्यक्तिको व्यवस्था पनि आफै गर्ने ।

ख(१५) तालीम कार्यक्रम उवासंघ वा जिल्ला विकास समिति वा नगरपालिकाको सभाकक्ष, तालीम कक्ष वा विद्यालयहरुको कक्षा कोठामा निःशुल्क सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ख(१६) अभिमूखिकरण तालीम कार्यक्रम २०६५ साल चैत्र १ गतेदेखि सञ्चालन गर्ने व्यवस्था मिलाउने र २०६५ साल फागुन मसान्तसम्म आवेदन दर्ता गर्ने ।

ख(१७) फागुन मसान्त पछि पनि निवेदन दर्ता गर्न आएमा माथिको प्रक्रिया बमोजिम दर्ता गर्ने र तीन तीन महिनाको तालीम कार्यक्रम बनाउने ।

**यस सम्बन्धी थप जानकारीको लागि महासंघको website एवं निम्न ठेगानामा सम्पर्क राख्ने :**

(सम्पर्क व्यक्ति : श्री हंसराम पाण्डेय, उपनिर्देशक)
नेपाल उद्योग वाणिज्य महासंघ, टेकु, काठमाडौं ।
Email: employers@fncci.org
Phone : 4266889, 4262061
Fax: 4262007, 4261022
PoB: 269
website : www.fncci.org

युवा तथा साना व्यवसायी स्वरोजगार–कोष सचिवालय, अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं ।
Email: selfemploy@mof.gov.np
Phone : 4211345
Fax: 4211348
PoB: 8955